# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खनदह, अर्घाखाँची
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नम्बर :

### सिँचाई कार्यक्रम कार्यन्वयनका लागि पाईप माग सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशन मितिः२०८१।११।०१

मालारानी गाउँपालिकाको आ.व.०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सिँचाईको पाईप मागका लागि ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/व्यवसायिक कृषि फर्मले यो सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात २०८१।११।०७ गते भित्र गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रीत नपुगी आएका वा म्याद नाघी प्राप्त निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गरिन्छ ।

**तपसिलः**

| क्र. स. | कार्यक्रमको नाम | अनुदानको सिमा | वितरण गरिने सामाग्री | संचालन मापदण्ड |
|---|---|---|---|---|
| १. | सिँचाई पाईप | ५० प्रतिशत अनुदान | पोलिथिन पाईप | कृषि फर्म/कृषक समुह/ कृषि सहकारी र सिँचाईसँग सम्बन्धित समितिहरुलाई प्राविधिक फिल्ड अनुगमन पश्चात आवश्यकताको आधारमा कार्यक्रममा सहभागी गराईनेछ । |

**आवश्यक कागजातहरुः**

१. प्रस्तावकको पाईपको साईज र परिमाण खुल्ने निवेदन ।

२.नागरिकताको प्रतिलिपि ।

३. जग्गा धनि दर्ता प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको भए कम्तिमा १० वर्षको करार सम्झौताको प्रतिलिपि ।

४. सिँचाईका लागि पाईप प्रयोग गरिने स्थानको १ प्रति रंगिन फोटो ।

५. समुह/सहकारी र समितिको नविकरण गरेको दर्ता प्रमाणपत्रको प्रतिलिपि । (फर्म दर्ता नभएको व्यक्तिको हकमा आवश्यक नपर्ने)

६. समुह/सहकारी र समितिको हकमा पाईप माग गर्न गरिएको निर्णयको प्रतिलिपि । (फर्म दर्ता नभएको व्यक्तिको हकमा आवश्यक नपर्ने)

७. वडा कार्यालयको सिफारिस पत्र ।

२०८१।११।०१

गोविन्द भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन र सहकारी समृद्ध मालारानी"

ई-मेलः malaraniruralmun@gmail.com / info@malaranimun.gov.np वेबसाईट : WWW.malaranimun.gov.np